# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७** **संख्या १६** **मिति २०८०/१०/२८**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**भाग २**

## जनता आवास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।१०।२८

**प्रस्तावनाः** नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ती गर्न गरिबीको रेखामुनी रहेका विपन्न/अति विपन्न घर परिवारहरुलाई सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता, काठ लगायताका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउन कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “जनता आवास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “उप प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) “जनता आवास समन्वय समिति” भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ग) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) “प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रसाशकीय अधिकृत” भन्नाले पालुङटार नगरपालिकाको प्रसाशकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “लक्षित वर्ग” भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घरपरिवार सम्झनु पर्दछ ।

(छ) “लाभग्राही” भन्नाले दफा ४ बमोजिम पहिचान गरिएका व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

(ज) “शाखा” भन्नाले भौतिक पूर्वाधार विकास शाखालाई सम्झनु पर्दछ ।

(झ) “सुरक्षित नागरिक आवास” भन्नाले आगलागी तथा हावा, पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ, ईट्टा, ढुङ्गा वा व्लक आदिको गारो भई पराल खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्दछ ।

(ञ) “स्थानीय तह” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## लक्षित वर्गको पहिचान र छनौटका आधार

**३. लक्षित वर्गको पहिचान :** लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछ :-

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेसटस, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएको,

(ख) गरिबिको रेखामुनि रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरी रहेको घरपरिवार,

(ग) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ङ) गरिबिको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा वडाको सिफारिस ।

४. **लाभग्राही छनौटको आधार तथा विधि :** (१) सम्वन्धित वडाको समन्वयमा नगरपालिकाले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरी रहेको घरको क्षेत्रफल, गारो आदिको आधारमा अनुसूची १ बमोजिम अंक प्राप्त गरी प्राथमिकता क्रम सहित लाभग्राहीको सूची तयार गरी जनता आवास समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुली, विपन्न/अति विपन्न परिवारलाई प्रथमिकता दिइनेछ ।

(३) उपदफा (१) बमोजिम बढी अंक प्राप्त गर्ने र उपदफा (२) बमोजिम प्रथमिकता प्राप्त गर्नेलाई समितिले क्रमैसँग लाभग्राहीको रुपमा छनौट गर्नेछ ।

(४) जनता आवास समन्वय समितिले नगरपालिकाबाट पहिचान भई आएका लाभग्राहीको सूची प्राथमिकताको आधारमा छनौट गर्नेछ ।

(५) उपदफा (३) बमोजिम लाभग्राही छनौट गर्दा संगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउने गरी छनौट गर्नु पर्नेछ ।

## परिच्छेद ३

## अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

५. **अनुदान रकम :** (१) नगरपालिकाले जनता आवास कार्यक्रमको लागि विनियोजित बजेटको परिधिभित्र रही निर्धारित लाभग्राही संख्याको आधारमा रु ५०,०००।- रकम बराबरको अनुदान उपलब्ध गराउनेछ ।

(२) नगरपालिकाले छनौट भएका लाभग्राहीसँग अनुसूची २ बमोजिमको ढाँचामा अनुदान सम्झौता गरी लाभग्राहीको सूची सम्बन्धित बैंकलाई उपलब्ध गराउनेछ ।

(३) छनौट भएका लाभग्राहीले नगरपालिकाले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ र यसरी खातामा नगरपालिकाले अनुदान सम्झौता भई सकेका लाभग्राहीलाई जस्तापाता लगायतको निर्माण सामाग्री खरिद गर्न अनुदान वापतको रकम २ किस्तामा उपलब्ध गराइनेछ ।

(४) उपदफा (३) बमोजिम अनुदान उपलब्ध गराउँदा नगरपालिकासँग सम्झौता भएपछि पहिलो किस्ता वापत ६० प्रतिशत रकम उपलब्ध गराईनेछ र सो रकम जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्यको लागि खर्च गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा नगरपालिकाले अन्तिम किस्ता वापतको अनुदान रकम उपलब्ध गराइनेछ ।

६. **अनुदान रकम असुल उपर गराइने :** कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनको लागि खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा लाभग्राहीबाट अनुदान रकम नगरपालिकाले असुल उपर गर्न सक्नेछ ।

७. **निर्माण सम्पन्न भएको मानिने :** नगरपालिकाले प्राविधिकबाट अनुसूची ३ बमोजिम प्रतिवेदन पेश भई नगरपालिकाले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

## परिच्छेद ४

## कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

८. **जनता आवास समन्वय समिति :** (१) जनता आवास कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि देहाय बमोजिमको एक नगर स्तरीय जनता आवास समन्वय समितिको गठन हुनेछ :-

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप प्रमुख - सदस्य

(ग) पूर्वाधार विकास समितिका संयोजक - सदस्य

(घ) प्रमुख प्रसाशकीय अधिकृत - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) योजना शाखा प्रमुख - सदस्य

(छ) भौतिक पूर्वाधार विकास शाखा प्रमुख - सदस्य सचिव

९. **समितिको काम, कर्तव्य र अधिकार :** जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपलब्ध बजेट र आवश्यकताको आधारमा कार्यक्रम कार्यान्वयनको लागि अधिकतम आवास संख्या निर्धारण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा आई परेका बाधा अड्चन फुकाउने,

(ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(घ) कार्यक्रमको प्रभावकारिता र प्रगतिको समिक्षा गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको लागि आवश्यकता अनुसार अन्य निकायहरुसँग समन्वय गर्ने,

(च) कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने,

(छ) लाभग्राहीका गुनासहरुको व्यवस्थापन गर्ने ।

१०. **बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

११. **विवादको समाधान गर्नु पर्ने :** कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा कार्यपालिकाबाट दिइने निर्णय अन्तिम हुनेछ ।

१२. **कारबाही हुने :** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१३. **सुविधा नपाउने :** नेपाल सरकारबाट भूकम्प पूननिर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराईने छैन ।

१४. **अभिलेख राख्नु पर्ने :** यस कार्यक्रम बमोजिम सेवा लिनेको अभिलेख राख्ने प्रमुख जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ ।

१५. **प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कार्यक्रमको प्रतिवेदन सम्बन्धित शाखाले कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजानिक गर्नु पर्नेछ ।

१६. **खर्च र लेखा परीक्षण :** (१) कार्यक्रमको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कार्यक्रमको आयव्ययको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१७. **व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

१८. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको हकमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### लाभग्राहीहरुको छनौटका आधारहरु

| क्र.स | विवरण | दिइने अंक | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई - १०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा बढी - ० | |
| २ | घरको गारो | बाँस, चिरपट/कप्टरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी - १०<br>नमिलेको ढुङ्गको गारो, बाँस, कप्टरो, भकारी आदिमा काटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी - ५<br>मिलेको ढुङ्गको गारो तथा पाकेका ईटामा माटो/सिमेन्टका जोर्नी - ० | ५० प्रतिशत सम्म जे छ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि - १०<br>ढलान, कर्कट पाता - ० | |
| ४ | जग्गाको स्वामित्व | लालपूर्जा भएको (स्वामित्व पाउन सकिने) वा वडाको सिफारिस (स्वाबासी र विवाद रहित) - १० | |
| ५ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिला जस्ता घरमूली लाभग्राही भएका - १०<br>अन्य - ० | |

**अनुसूची २**
**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**
**अनुदान सम्झौता-पत्र**

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रम संख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी जनता आवास निर्माणको लागि पालुङटार नगर कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं......बस्ने...............................को नाती/नातीनी/बुहारी श्री..................................को छोरा/छोरी/श्रीमती वर्ष.........श्री...........................(यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही तोकेको मापदण्ड बमोजिम आवास निर्माण गर्न गराउन मिति २०८.... साल .......महिना.....गतेका दिन यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौं ।

**दास्रो पक्षले (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरु :-**

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो । मैले मेरो घर पराल तथा खरको छाना रहेकोले जनता आवास निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० एवं सम्झौता पत्रमा उल्लिखित शर्त अनुरुप बनाउनेछु ।

२. निर्माण सामाग्रीको खरिद तथा अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेबारी मेरो हुनेछु ।

३. मैले प्राप्त गर्ने आवास निर्माण अनुदान रकम घरको छानाका लागि आवश्यक सामाग्री जस्तापाता, सहुलियत दरको काठ लगायतका सामाग्रीका लागि मात्र खर्च गर्नेछु ।

४. मैले तोकिएको बैंकमा खोलिएको खाता मार्फत अनुदान रकम रु ५०,०००।-(अक्षरुपी पचास हजार मात्र) प्राप्त गर्नेछु ।

५. मैले पहिलो किस्ता वापत ६० प्रतिशत रकम प्राप्त गर्नेछु । सो रकम जस्तापात र सहुलियत दरको काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नेछु ।

६. मैले पहिलो किस्ताको रकमबाट जस्तापात र काठ लगायताको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भए प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि अन्तिम किस्ता वापत ४० प्रतिशत रकम प्राप्त गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**प्रथम पक्ष (पालुङटार नगर कार्यपालिकाको कार्यालय) ले मन्जुर गरेका शर्तहरु**

दास्रो पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको आवास निर्माण अनुदान प्रथम पक्षले बैंक मार्फत उपलब्ध गराउनेछ ।

| |
|---|
| **दास्रो पक्ष (लाभग्राही)** |
| **(क) लाभग्राहीको व्यक्तिगत विवरण** |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा) :.....................................<br>लाभग्राहीको नाम, थर (नेपालीमा) :..........................<br>**नागरिकतामा उल्लेखित ठेगाना**<br>जिल्लाः............................<br>म.न.पा/उ.म.न.पा/न.पा./ग.पा.............वडा नं..........<br>ना.प्र.नं.........जारी जिल्लाः................जारी मितिः....................<br>जन्म मितिः...................<br>सम्पर्क फोन नं........................ |
| **(ख) स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा (बसाइसराइको विवरण उल्लेख गर्ने)**<br>बसाइसराइ प्रमाणपत्र नं.....................<br>बसाइसराइ मिति........................... |
| **(ग) घर निर्माण हुने जगगाको विवरण :**<br>कित्ता नं......................क्षेत्रफल................वर्ग मिटर<br>ठेगानाः गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं......... |
| **(घ) इच्छाएको व्यक्तिको नाम, थर :......................**<br>**लाभग्राहीसँगको नाता** : |
| **(ङ) साक्षीको नाम, थर :....................**<br>**हस्ताक्षर :.........................** |

| **प्रथम पक्ष (पालुङटार नगर कार्यपालिकाको कार्यालय)** | **कार्यालयको छाप** |
|---|---|
| **कार्यालयको नाम, ठेगानाः**.....................<br>**अधिकार प्राप्त कर्मचारीको नामः**...............<br>**पदः**.................................<br>**हस्ताक्षरः**......................<br>**मितिः**.......................... | |

**आवश्यक कागजातहरु**

१. लाभग्राहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. जग्गाधनीको दर्ता प्रमाण पुर्जाको प्रतिलिपि

३. लाभग्राहीको पासपोर्ट साइजको फोटो ।

**अनसूची ३**

**(दफा ७ सँग सम्बन्धित)**

**प्राविधिक प्रतिवेदन**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

पालुङटार नगर कार्यपालिकाको कार्यलय ।

**विषय : प्राविधिक प्रतिवेदन पेश गरेको बारे ।**

उपरोक्त सम्बन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहीको नाम :

लाभग्राहीको क्रम संख्या :

लाभग्राहीको सम्झौताको क्रम संख्या :

(जुन अवस्था हो सो मा रेजा ☐ लगाउने )

हालको अवस्था : ☐ सामान साईटमा उपलब्ध भएको

☐ कार्य सम्पन्न (कार्य सम्पन्नको हकमा)

सिफारिस : संलग्न फोटो बमोजिम कार्य भएकोले

☐ अनुदानको किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।

☐ निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।

(नोट : प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने ।)

प्रतिवेदकको :-

दस्तखत :-

नाम, थर :-

पद :-

आज्ञाले,

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत